# शिवपुरी गाउँपालिका

## शेरावगर, नुवाकोट

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः ६ | मितिः २०८०/१२/२९ |

## भाग – १

शिवपुरी गाउँपालिकाले निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट कार्यक्रम सञ्चालन गर्नको लागि शिवपुरी गाउँपालिकाको गाउँ सभाले तल लेखिए बमोजिमको ऐन बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# शिवपुरी गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन (पहिलो संशोधन), २०८०

**प्रस्तावनाः**

शिवपुरी गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९ लाई संशोधन गर्न बाच्छनिय भएकोले यो संसोधन विद्येयक जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस विद्येयकको नामः शिवपुरी गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, (पहिलो संशोधन), २०८० रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

(३) यो ऐन शिवपुरी गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. शिवपुरी गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९ को दफा २ मा देहाय बमोजिमको बाक्यासं थप गरिएको**

(ढ) "गैर सरकारी संस्था" भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थालाई सम्झनु पर्छ।

**३. शिवपुरी गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९ को दफा ५ को उपदफा ३ मा देहाय बमोजिमको बाक्यासं थप गरिएको**

"(३) संक्षिप्त सूची तयार पार्नेः उप-दफा २ बमोजिम आशय पत्र प्राप्त भएपछि पर्न आएका आशयदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्यांकन गरी गाउँपालिकाले आशयपत्रदाताको छनौट गरी तोकिएका प्रक्रिया बमोजिम प्रस्तावकहरुको संक्षिप्त सूची तयार गर्नुपर्नेछ । छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्ः

क. आशयपत्रदाताले पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, कार्यानुभव पत्र, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा), आशयपत्रका साथ पेश गरेको हुनु पर्नेछ ।

ख. आशयपत्रमा उल्लेख गरिएको कार्यक्रमको विषयगत क्षेत्रमा कम्तिमा दुई वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।

ग. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र पेश गरेको हुनु पर्नेछ ।

घ. छनोट सम्बन्धि अन्य आधारहरु तोकिए बमोजिम हुने छ ।"

**आज्ञाले**<br>
**वसन्त कार्की**<br>
**प्रमुख प्रशासकीय अधिकृत**